# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ जेठ ५ गते

### आपराधिक घटनालाई राजनीतिक आवरण दिई दण्डहीनतालाई प्रश्रय नदेऊ !

कैलालीको टीकापुरमा २०७२ भदौ महिनामा भएका विभत्स र त्रासदीपूर्ण घटना लगायतका सम्बन्धमा नेपाल सरकारको निर्णयप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आठ जना सुरक्षाकर्मीहरू र एकजना नावालक सहित नौ जनाको ज्यान जाने गरी भएको घटना तथा कर्फ्यू एवम् उच्च सुरक्षाको समयमा समेत भएको तोडफोड र आगजनीबाट सर्वसाधारण व्यक्तिको सम्पत्तिमा भएको क्षति र यातनाका घटनाहरूको सम्बन्धमा जिम्मेवारीपूर्वक छानवीन र अनुसन्धान नै नगरी आपराधिक घटनाका दोषीहरूलाई उन्मुक्ति दिनु दण्डहीनतालाई प्रश्रय दिनु हो । यसबाट मानव अधिकार संस्कृतिको विकासमा मद्दत पुग्ने देखिंदैन ।

आयोगले उक्त घटना सम्बन्धमा अनुसन्धान गरी नेपाल सरकारलाई २०७३ साल फाल्गुण २४ गते गरेको सिफारिस कार्यान्वयन नगरी त्यसविपरीत अपराधलाई राजनीतिक आवरण दिनु आफैंमा खेदजनक छ । प्रत्येक आपराधिक घटनालाई राजनीतिक आवरणले छोप्दै जाने हो भने आवाजविहीन नागरिकहरूले राज्यप्रति भरोसा राख्न सक्तैनन् । सरकार यसतर्फ सचेत हुन जरूरी छ । राजनीति अपराध संरक्षणका लागि नभई मानव कल्याण र मानव अधिकारको बहालीका लागि हुनुपर्दछ भन्नेमा आयोग स्पष्ट छ ।

आमनागरिकको जीउधनको सुरक्षा र सुरक्षाकर्मीहरूको मनोवल समेत उच्च राख्नुपर्ने सरकार स्वयंले अपराध र आपराधिक प्रवृत्तिलाई प्रोत्साहित गर्नुले मानव अधिकारको संरक्षण र संवर्द्धनमा थप व्यवधान खडा गर्ने आयोगको निष्कर्ष रहेको छ । यस्तो कार्य मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ को धारा ५, १०, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २ र ७ विपरीतको कार्य हो । मौजुदा संवैधानिक तथा कानूनी प्रावधान, सर्वोच्च अदालतको निर्णय आदेश, राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस समेतलाई बेवास्ता गर्नु कुनै पनि सरकारको लागि शोभनीय हुन सक्दैन ।

अतः मानव अधिकार उल्लंघनका घटना सम्बन्धमा सत्यतथ्य छानवीन गरी घटनाका दोषीहरू उपर कानूनी कार्यबाही तथा पीडित पक्षलाई राहत एवम् क्षतिपूर्तिको लागि आयोग नेपाल सरकारको पुनः ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org